# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।११।१४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

यातायात व्यवस्था कार्यालय नेपालगंजमा केही समय अगाडी भारतीय चोरीका तीन वटा गाडी आर्थिक लेनदेन गरी दर्ता गरेको र बाहिर हल्ला भएपछि संलग्न कर्मचारीहरुले ती तीन वटा गाडी मध्ये एउटा गाडीको दर्ता बदर गरेकोले दोषी उपर कारबाही होस भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रसेवक प्रतिवादीहरुले अन्य प्रतिवादीहरु सँगको मिलेमतोमा आफ्नो पद तथा ओहदाको दुरुपयोग गरी गराई आफू समेतका प्रतिवादीहरुलाई गैरकानुनी लाभ प्राप्त गर्ने बदनियत राखी बाग्मती प्रदेश ०१-०२६ च-७९४४ नं. को कानुन बमोजिम सरकारी अभिलेखमा रहेको **सवारी साधनको लागि** यातायात व्यवस्था कार्यालय साना ठूला सवारी एकान्तकुनाबाट सवारी धनीलाई जानकारी बिना जारी भएको मिति २०८१/०७/२८ गतेको पत्र व्यहोरा राखी गलत लिखत तयार गरी गराई उक्त सक्कल सवारीको बागमती प्रदेश ०१-०२६च-७९४४ नं. को नम्बर प्लेट Engine no. K15BN4276214, Chasis No. MA3NYFJ1SNF962032 झुट्टा तथा नक्कली प्रज्ञापन पत्र नं. १४०७३ रसिद नं. १४७००९, मिति २०७८/०७/२३ सहितको गलत लिखत भएको भन्सार छली गरी गैरकानुनी तवरमा ल्याईएको Brezza सवारीमा टाँस गरी गराई यातायात व्यवस्था कार्यालय नेपालगंज बाँकेमा पेश गरे गराएको, उक्त भन्सार छली गैरकानुनी तवरमा नेपालमा ल्याईएको सवारीलाई बैध बनाउने बदनियतले उक्त Engine no. K15BN4276214, Chasis No. MA3NYFJ1SNF962032 रहेको सवारीलाई यातायात व्यवस्था कार्यालय नेपालगञ्ज बाँकेको सरकारी अभिलेख श्रेस्ता(ढड्डा) मा गैरकानुनी तवरमा प्रविष्ट गरी गराई दर्ता गरी गराई सवारी दर्ता प्रमाण पत्र(ब्लू बुक) लगायतको गलत लिखत दिई दिन लगाई प्रयोग प्रचलनमा ल्याएको देखिएको, यसरी उक्त भन्सार छली गैरकानुनी तवरले नेपाल ल्याईएको सवारी साधनलाई सरकारी अभिलेखमा दर्ता गरी बिक्रि बितरण समेत गरी गराई लाभ प्राप्त गरे गराएको तथ्य पुष्टि भएको। साथै बा १६ च ९१८३ नं. को कानुन बमोजिम सरकारी अभिलेखमा रहेको **सवारी साधनको लागि** यातायात व्यवस्था कार्यालय साना ठूला सवारी एकान्तकुनाबाट जारी भएको पत्र व्यहोरा राखी गलत लिखत तयार गरी गराई उक्त सक्कल सवारीको बा १६ च ९१८३ नं. को नम्बर प्लेट सवारी चेसिस नं.MA3NYFB1SKJ583981 र इन्जिन नं. D13A5861549 झुट्टा तथा नक्कली प्रज्ञापन पत्र नं.१४३५३२ रसिद नं. ०७८१०७१, मिति २०७३/०९/१६ सहितको गलत लिखत भएको भन्सार छली गरी गैरकानुनी तवरमा ल्याईएको Brezza सवारीमा टाँस गरी गराई यातायात व्यवस्था कार्यालय नेपालगंज बाँकेमा पेश गरे गराएको, उक्त भन्सार छली गैरकानुनी तवरमा नेपालमा ल्याईएको सवारीलाई बैध बनाउने बदनियतले सवारी चेसिस नं.MA3NYFB1SKJ583981 र इन्जिन नं. D13A5861549 रहेको सवारीलाई यातायात व्यवस्था कार्यालय नेपालगञ्ज बाँकेको सरकारी अभिलेख श्रेस्ता(ढड्डा/सक्कल सवारी दर्ता किताब) मा गैरकानुनी तवरमा प्रविष्ट गरी गराई दर्ता गरी गराई सवारी दर्ता प्रमाण पत्र(ब्लू बुक) लगायतको गलत लिखत दिई दिन लगाई प्रयोग प्रचलनमा ल्याएको तथ्य देखिएको, प्रतिवादीहरुले बदनियत राखी उक्त भन्सार छली गैरकानुनी तवरले नेपाल ल्याईएको सवारी साधनलाई सरकारी अभिलेखमा दर्ता गरी बिक्री बितरण समेत गरी गराई लाभ प्राप्त गरे गराएको तथ्य पुष्टि भएको, गलत लिखत तयार गरी गराई यातायात व्यवस्था

कार्यालय नेपालगञ्ज बाँके/सरकारी सार्वजनिक संस्थाको अभिलेखमा प्रविष्ट/दर्ता गरी गराई सवारी दर्ता प्रमाण पत्र(ब्लू बुक) लगायतको गलत लिखत दिई दिन लगाई प्रयोग प्रचलनमा ल्याई खरिद बिक्रीसमेत गरे गराएको तथ्य बाहिर थाहा जानकारी भएपछि राष्ट्रसेवक प्रतिवादीहरु आफैले बेनामी उजुरी दिई दिन लगाई आफूसमेतका राष्ट्रसेवक प्रतिवादीहरुलाई हुने कसुर तथा सजायबाट बच्ने बचाउने बदनियतले भन्सार छली गरी गैरकानुनी रुपमा नेपालमा ल्याईएको सवारी दर्ता सम्बन्धमा छानवीन गर्न यातायात व्यवस्थापन कार्यविधी निर्देशिका, २०६०(संशोधन सहित) लगायतको प्रचलित कानुन विपरीत छानविन गरिनु पर्ने वरिष्ठ शाखा अधिकृत रविन्द्र के.सी. भन्दा कनिष्ठ दर्जाको कर्मचारी अधिकृतस्तर छैठौ प्रेम प्रसाद उपाध्यायको संयोजकत्वमा छानविन समिती गठन गरे गराई पूर्वयोजना बमोजिमको पेश गरे गराएको प्रतिवेदनलाई मिलेमतोमा अगाडि बढाई दर्ता प्रक्रियाका चरणमा भए गरे गराएका खास खास कसुरजन्य कार्य उपर राष्ट्रसेवक बाहेकका व्यक्तिहरुलाई एक पक्षीय रुपमा प्रतिवेदन ब्यहोरामा जिम्मेवार गराई सवारी दर्तामा निज राष्ट्रसेवकहरुको कुनै भूमिकानै नहुने जस्तो गरी मिलिभगतमा प्रतिवेदन तयार गरे गराएको, सोही गलत प्रतिवेदन स्वीकृति सहमतिका लागि सम्बन्धित प्रदेश मन्त्रालयमा पठाई एक आपसको मिलोमतोमा गलत कसुरजन्य कार्य जानी बुझी राष्ट्रसेवक प्रतिवादीहरुबाट निर्णय सदर गरे गराएको, कसुरजन्य कार्य गरेसँग सम्वन्धित लिखत कागजातहरु मध्ये सरकारी अभिलेखमा रहने केही कागजातहरु प्रतिवादीहरुको घर ठेगानामा अनुसन्धानको क्रममा बरामद भएको सरकारी अभिलेखमा रहने अन्य केही लिखत प्रतिवादीहरुले लुकाउने/नष्ट गर्ने कार्य गरे गराएको तथ्य पुष्टि भएको, यसरी यातायात व्यवस्था कार्यालय नेपालगंज बाँके कार्यालय प्रमुख (उपसचिव) लोक बहादुर सुनार, वरीष्ठ लेखा अधिकृत दिनेश सिंह ठाकुर, अधिकृत छैटौ नरभूपाल पौडेल, कम्प्यूटर अधिकृत शक्ति ठाकुर, मेकानिकल सुपरभाईजर पुष्कर राज शर्मा, मेकानिकल सुपरभाईजर शुसील कुमार शर्मा, अधिकृतस्तर छैठौ प्रेम प्रसाद उपाध्याय, अधिकृतस्तर छैठौ काशीलाल अधिकारी, वरिष्ठ शाखा अधिकृत रवीन्द्र के.सी., अधिकृतस्तर छैठौ मधुकर जंग शाह, नायब सुब्बा चित्र बहादुर महतारा, नायब सुब्बा गोपाल शर्मा, नायब सुब्बा मुकुन्दराज के.सी., सहायक लेखापाल ओमराज गिरी, कम्प्यूटर अपरेटर(करार) मनोज गिरी, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका सचिव उमेश ढुङ्गाना, उपसचिव रमेश गौतम, वरिष्ठ शाखा अधिकृत प्रदिप खनाल, मेकानिकल इन्जिनियर भरत कुमार कार्की, यातायात व्यवस्था कार्यालय साना ठुला सवारी, एकान्तकुना, ललितपुरका अधिकृत छैठौ हरी बहादुर विष्ट, अधिकृत आठौ प्रकाश अधिकारीसमेतका राष्ट्रसेवक प्रतिवादीहरुले अन्य गैरराष्ट्रसेवक प्रतिवादीहरु बब्लु अली अन्सारी, सुनिला देवी चौधरी, अनिस तामाङ्ग, बलीराम यादव, सुर्यकला पण्डित क्षेत्री घिमिरे, शरद कुमार गोराथोकी, राजकुमार चौधरी, गोकुल प्रसाद श्रेष्ठ, नीता भुर्तेल महर्जन, गेहेन्द्र पौडेल, महेश कुमार नेपालीसमेतसँगको मिलेमतो तथा योजनामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ र यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधन सहित), लुम्बीनी प्रदेश सडक सवारी यातायात तथा परिवहन ऐन, २०७६ लगायतको प्रचलित कानुन विपरीत बदनियत राखी राष्ट्रसेवक प्रतिवादीहरुले आफ्नो पद तथा ओहदाको दुरुपयोग गरी गराई राष्ट्रसेवक तथा गैरराष्ट्रसेवक प्रतिवादीहरुलाई लाभ प्राप्त गर्न गराउन गलत लिखत तयार गरे गराएको, सरकारी कागजातमा गलत विवरण प्रविष्ट गरी गराई सवारी दर्ता प्रमाण पत्र दिए दिन लगाएको, गलत प्रतिवेदन दिए दिन लगाएको तथ्य मिसिल संलग्न अनुसन्धानबाट संकलित सवूद प्रमाणबाट पुष्टि भएकोले निज प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरुलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेशका तत्कालीन सचिव (सह-सचिव) **उमेश ढुङ्गाना** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | यातायात व्यवस्था कार्यालय नेपालगंज बाँकेका तत्कालीन कार्यालय प्रमुख **लोक बहादुर सुनार** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेशका तत्कालीन उपसचिव **रमेश गौतम** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | यातायात व्यवस्था कार्यालय नेपालगंजका तत्कालीन निमित्त कार्यालय प्रमुख तथा वरीष्ठ लेखा अधिकृत **दिनेश सिंह ठाकुर** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | यातायात व्यवस्था कार्यालय नेपालगंजका तत्कालीन निमित्त कार्यालय प्रमुख तथा वरीष्ठ शाखा अधिकृत पदमा कार्यरत **रवीन्द्र के.सी.** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र १२ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९, ११ र १२ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेशका वरीष्ठ शाखा अधिकृत पदमा कार्यरत **प्रदिप खनाल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेशमा मेकानिकल ईन्जिनियर पदमा कार्यरत **भरत कुमार कार्की** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ८. | यातायात व्यवस्था कार्यालय नेपालगंजको ठूला सवारी फाँटमा फाँट प्रमुखको हैसियतमा कार्यरत अधिकृत छैठौं **नरभूपाल पौडेल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ९. | यातायात व्यवस्था कार्यालय नेपालगंजको प्रशासन फाँटमा फाँट प्रमुखको हैसियतमा कार्यरत कम्प्यूटर अधिकृत **शक्ति ठाकुर** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र १२ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९, ११ र १२ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १०. | यातायात व्यवस्था कार्यालय नेपालगंजमा अधिकृतस्तर छैटौ पदमा कार्यरत **प्रेम प्रसाद उपाध्याय** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ११. | यातायात व्यवस्था कार्यालय | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) |

| | | |
|---|---|---|
| | नेपालगंजमा अधिकृतस्तर छैटौ पदमा कार्यरत **काशीलाल अधिकारी** | बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १२. | यातायात व्यवस्था कार्यालय नेपालगंजमा अधिकृतस्तर छैटौ पदमा कार्यरत **मधुकर जंग शाह** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १३. | तत्कालीन समयमा यातायात व्यवस्था कार्यालय नेपालगंजको ठूला सवारी फाँटमा नायब सुब्बा पदमा कार्यरत **चित्र बहादुर महतारा** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १४. | यातायात व्यवस्था कार्यालय नेपालगंजमा नायब सुब्बा पदमा कार्यरत **गोपाल शर्मा** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १५. | साविकमा यातायात व्यवस्था कार्यालय नेपालगञ्ज बाँकेमा कार्यरत रही हाल घरेलु तथा साना उद्योग कार्यालय नेपालगंजमा नायब सुब्बा पदमा कार्यरत **मुकुन्दराज के.सी.** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १६. | यातायात व्यवस्था कार्यालय नेपालगंजमा सहायक लेखापाल पदमा कार्यरत **ओमराज गिरी** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १७. | यातायात व्यवस्था कार्यालय नेपालगंजमा मेकानिकल सुपरभाईजर पदमा कार्यरत **शुसील कुमार शर्मा** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र १२ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९, ११ र १२ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १८. | यातायात व्यवस्था कार्यालय नेपालगंजमा कम्प्यूटर अपरेटर(करार) पदमा कार्यरत **मनोज गिरी** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १९. | यातायात व्यवस्था कार्यालय साना ठुला सवारी एकान्तकुना, ललितपुरमा अधिकृत आठौ पदमा कार्यरत **प्रकाश अधिकारी** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २०. | यातायात व्यवस्था कार्यालय साना ठुला सवारी एकान्तकुना, ललितपुरमा अधिकृत छैटौ पदमा कार्यत **हरि बहादुर विष्ट** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २१. | यातायात व्यवस्था कार्यालय नेपालगंजका मेकानिकल सुपरभाईजर **पुष्कर राज शर्मा** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २२. | यातायात व्यवस्था कार्यालय | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरजन्य |

| | | |
|---|---|---|
| | नेपालगंजमा लेखापढी व्यवसाय गर्ने **बलीराम यादव** | कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९ र ११ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| २३. | यातायात व्यवस्था कार्यालय साना ठूला सवारी एकान्तकुना, ललितपुरमा लेखापढी व्यवसाय गर्ने **सुर्यकला पण्डित क्षेत्री घिमिरे** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९ र ११ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| २४. | जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं.२ पुष्पलालचोक स्थित न्यू मामा भाञ्जा मोटर ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टरका सञ्चालक शरद कुमार गोराथोकी | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९ र ११ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| २५. | जिल्ला दाङ्ग, तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ स्थायी वतन भएका **गेहेन्द्र पौडेल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र १२ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९, ११ र १२ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| २६. | जिल्ला दाङ्ग लमही नगरपालिका वडा नं. ०८ स्थायी वतन भएका महेश कुमार नेपाली | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र १२ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९, ११ र १२ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| २७. | जिल्ला कैलाली, धनगढी उपमहानगरपालिका वडा नं. ६स्थायी वतन भएका **राजकुमार चौधरी** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९ र ११ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| २८. | जिल्ला कैलाली, भजनी नगरपालिका वडा नं. १ स्थायी वतन भएका **गोकुल प्रसाद श्रेष्ठ** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९ र ११ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम |

| | | |
|---|---|---|
| | | मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| २९. | जिल्ला कैलाली, धनगढी उपमहानगरपालिका वडा नं. ६ स्थायी वतन भएकी **सुनिला देवी चौधरी** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९ र ११ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ३०. | जिल्ला बाँके, जानकी गाउँपालिका वडा नं. ६ स्थायी वतन भएका **बब्लु अली अन्सारी** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९ र ११ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ३१. | जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. २१ स्थायी वतन भएकी **निता भूर्तेल महर्जन** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९ र ११ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ३२. | जिल्ला काभ्रेपलाञ्चोक, रोशी गाँउपालिका वडा नं. २ स्थायी वतन भएका **अनिश तामाङ्ग** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९ र ११ बमोजिम हुने सजायलाई आधारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने